जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावहरुः**

१। करार कर्मचारीहरुको माघ महिनाको तलब भुक्तानी सम्बन्धमा ।
२। लुम्बिनी प्रदेश सरकारको विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।
३। मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
४। वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धमा ।
५। ठेक्का सम्झौता म्याद थप गर्ने सम्बन्धमा ।
६। गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा ।
७। प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट सम्बन्धमा ।
८। अध्यक्षकोषबाट स्वीकृत योजना अनुमोदन सम्बन्धमा ।
९। जानकी गाउँपालिकाको मुख्य प्रवेशद्वारको भुक्तानी सम्बन्धमा ।
१०। वातावरण,सरसफाई तथा फोहरमैला व्यवस्थापन परियोजना सम्बन्धमा ।
११। विविध सम्बन्धमा ।

- जानकी गाउँपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि तयार गर्ने सम्बन्धमा ।
- जनसहयोग आ.वि. गिजरा तथा नेपाल राष्ट्रिय प्रा.वि. बनियागाउँको रकम भुक्तानी सम्बन्धमा ।
- विद्यालयहरुमा पठाईएका कर्मचारी सम्बन्धमा ।
- कबाडी शुल्क निर्धारण सम्बन्धमा ।
- विषयगत समितिमा अपुग सदस्यहरु थप गर्ने सम्बन्धमा ।
- विद्युत पोल जडानको भुक्तानी सम्बन्धमा ।
- आर्थिक सहयोग सम्बन्धमा ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको छुटफुट निवेदन सम्बन्धमा।
- शिक्षक पदपूर्ति सम्बन्धमा ।
- साइट क्लियिरेन्स सम्बन्धमा ।

**निर्णय तथा छलफलहरु**

प्रस्ताव नं.१ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको साबिकमा खाईपाई आएको तलब माघ महिनाको लागि उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.२ को बुँदामा छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी),नेपालको मितिः २०८०/११/०८ गतेको विशेष अनुदानतर्फका आयोजना प्रस्ताव पेश गर्ने सूचना अनुसार "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०८० समेत)" को दफा ३(२) मा

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

स्थानीय तहले विशेष अनुदानको लागि प्रस्ताव माग गर्दा आ.व. २०८०/८१ को हकमा आयोगले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकाले यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बाँकेले चालु आ.व. २०८०/८१ मा विशेष अनुदानका आयोजना उक्त कार्यविधिमा तोकिएको क्षेत्र र बजेट सीमाको अधिनमा रही, प्रक्रिया पुरा गरी तथा शर्त सहित तपसिलका आयोजना प्रस्ताव गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

- वडा नं. ३ मानपुरको श्री नेपाल राष्ट्रिय कन्या आधारभुत विद्यालयमा ४ कोठे भवन निर्माण ।

प्रस्ताव नं.३ को बुँदामा छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी),नेपालको मितिः २०८०/१०/१५ गतेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० को परिच्छेद २ को दफा ७ बमोजिम ३० दिन भित्र निर्देशिकाको अनुसूची-२, २(क), २(ख), र २(ग) को ढाँचामा अनुसूची-३ मा उल्लेखित कागजात साथै राखी मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव सहितको प्रमाणित कागजात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी) मा प्रस्ताव पेश गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं.४</u> को बुँदा मा छलफल गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालय,नेपालगंज,बाँकेको पत्र संख्याः २०८०/८१, च.नं. ३७९, मितिः २०८०/११/०३ गतेको प्राप्त पत्रानुसार महालेखा नियन्त्रक कार्यालय बजेट तथा कार्यान्वयन तथा शोधभर्ना शाखाको च.नं. १०६ मिति २०८०/१०/२६ को पत्रानुसार प्रदेश तथा स्थानीय तहमा तेश्रो किस्ता वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित बजेटको ५५.७३२५ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्न भनी लेखी आएकोमा मिति २०८०/१०/१२ गते सम्ममा यस जानकी गाउँपालिकामा तेश्रो किस्ता पुरै सहित हालसम्ममा ७५ प्रतिशत समानीकरण अनुदान हस्तान्तरण भैसकेको र सो अनुसार बढी निकासा भएको समानीकरण अनुदानको रकम फिर्ता गर्ने अवस्था रहेकोले तोकिएको प्रतिशतमा नबढ्ने गरी खर्च गरी बाँकी रकम फिर्ता / समायोजन गर्ने भनी जानकारी पत्र आएको हुँदा सो अनुसार कार्यान्वयन गर्ने भनी निर्णय गरियो ।

<u>प्रस्ताव नं.५</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको गत आ.व.मा समपन्न हुन नसकेका योजनाहरुको ठेक्का सम्झौता चालु आ.व. २०८०/८१ मा निरन्तर रुपमा

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कार्यान्वयनमा रही अन्तिम चरणमा रहेका ठेक्का सम्झौताहरुको अवधि अनुगमन गरी आउँदो जेष्ठ मसान्त सम्मका लागि म्याद थप गरी कार्य सम्पन्न गराउने निर्णय गरियो ।

<u>प्रस्ताव नं.६</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा निर्माण व्यवासायीको रुपमा ठेक्कापट्टा गर्न 'घ' बर्गको इजाजत प्रमाणपत्र तपसिल बमोजिमको निर्माण ब्यवसायीलाई दिने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

<u>तपशिल :</u>

- श्री जलजला विल्डर्स,जानकी – ०३, बाँके ।

<u>प्रस्ताव नं.७</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत प्रधनमन्त्री रोजगार कार्यक्रमको युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना शिर्षकको वडा नं. ५ मा पर्ने बजेटलाई वडा नं. ५ को सिफारिसको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.८</u> को बुँदा मा छलफल गर्दा जानकी गाउँपालिका अध्यक्ष विशेष कोष संचालन कार्यविधि, २०७९ अनुरुप मिति २०८०/११/०१ गते जानकी गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वयन व्यवस्थापन कार्य समितिको बसेको बैठकको तपशिलको योजनाहरु अध्यक्षकोषबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

- वडा नं. ३ कालिकापुर गाउँ भित्र ग्राबेल गर्ने । (रु.१००००००।०० भ्याट सहित)
- वडा नं. ३ रतन कृषि सहकारी संस्थाको भवन निर्माण ।(रु.१००००००।०० भ्याट सहित)
- वडा नं. ४ जानकी नगरमा मन्दिर निर्माण ।(रु.१०००००।०० भ्याट सहित)
- वडा नं. ४ सहादत्तपुर गाउँ देखि दक्षिण चौराहा पक्षिम जाने बाटो मेहराज बागवानको घर सम्म नाली तथा माटो पटान गर्ने ।(रु.५०००००।०० भ्याट सहित)
- वडा नं. २ जोगागाउँ मा.वि. स्कुल अधुरो भवन ।(रु.७०००००।०० भ्याट सहित)
- वडा नं. ३ हाजी हबीव ईस्लामिया कब्रिस्तानमा शौचालय निर्माण । (रु.१०००००।०० भ्याट सहित)
- वडा नं. ६ भाटनपुर मस्जिद निर्माण । (रु.९०००००।०० भ्याट सहित)
- जानकी गा.पा. अगाडी रहेको श्री बाला जि हनुमान मन्दिरमा इट्रोलग बलोच्क बिछाउने, माटो पटान,बाउन्डरी निर्माण तथा रंगरोगन गर्ने कार्य । (रु.३३८९७६।४१ भ्याट सहित)
- वडा नं. २ जोगागाउँमा नुरी मस्जिद निर्माण । (रु.३०००००।०० भ्याट सहित)

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.९ को बुँदा मा बृहत छलफल गर्दा आ.व. २०७९/८० मा सम्झौता भई यस जानकी गाउँपालिकाको मुख्य प्रवेशद्वार निर्माण गर्ने योजना दिपक बिल्डर्सले पाएको थियो । उक्त मुख्य प्रवेशद्वारको निर्माण कार्य गत आ.व. मा सम्पन्न भई सकेको तर भुक्तानी दिन बाँकी रहेको हुँदा उक्त योजनाको रकम दिपक बिल्डर्सलाई भुक्तानी दिने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.१० को बुँदा मा बृहत छलफल गर्दा जानकी गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि वातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन परियोजना अन्तर्गत सुन्दर विहानी युवा क्लब जानकी – ३,संगमनगर बाँकेले पेश गरेको "प्राविधिक तथा आर्थिक प्रस्तावना पत्र" को आधारमा लागत साझेदारीमा समपुरक कोषबाट रु.२०,००,००० |०० (अक्षेरपी बिस लाख मात्र) बराबरको साझेदारी गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.११ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल :

- तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहोर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू समेत विनाशको जोखिममा रहेका छन्। सार्वजनिक स्थानहरू जस्तै नदी किनारहरू, सडक किनारा, मन्दिरहरू, शिक्षण संस्थाहरू, व्यापारिक तथा औधागिक प्रतिष्ठानहरू तथा निजि घर परिसरहरूमा खुल्ला फोहोर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरू ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुँदा फाहोरमैलालाई स्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जनगरी ब्यबस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहोरमैला ब्यवस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता ब्यक्त गरेको दीगो बिकासको लक्ष्य समेत भएको सन्दर्भमा यस गाउँ कार्यपालिकाको बैठकबाट फोहोंरमैला ब्यवस्थापन तथा सरसफाई कार्यविधि तयार गरी लागु गर्ने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. ४ जनसहयोग आ.वि.गिजराको गत आ.व. २०७९/८० मा सम्पन्न भएको वाल बाउन्डरी योजनाको रकम तथा नेपाल राष्ट्रिय प्रा.वि. बनिया गाउँको शैक्षिक सामाग्रीको बिल भुक्तानी पेश भई केही रकम भुक्तानी नभएको हुँदा दिन बाँकी रहेको हुँदा उक्त योजना तथा कार्यक्रमहरुको रकम दिने भनी सर्वसम्मत निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ को जोगा गाउँ मा.वि. र वडा नं. ३ मानपुरको ने.रा.कन्या आ.वि. मा पठाईएका कर्मचारीहरुको तलब, सेवा

सुविधाहरु सम्वन्धित विद्यालयले आ-आफ्नो विद्यालयको खाताबाट उपलब्ध गराउने भनी सर्वसम्मत निर्णय गरियो ।

- जानकी गाउँपालिका,मानपुर बाँकेमा कबाडी व्यवस्थापनको लागि न्युनतम शुल्क रु.१०,००,०००/- (अक्षरेपी दश लाख) राखी नियमानुसार ठेक्का प्रक्रियामा जाने निर्णय गरियो ।
- नेपालको संविधानको धारा २१७ को उपधारा(२) को १ बमोजिम जानकी गाउँपालिका बाँकेको तपसिल बमोजिमको जनप्रतिनिधिहरुको विषयगत समितिको सदस्य पदलाई हेरफेर गर्ने निर्णय गरियो ।

<u>तपशिल :</u>

| क्र.सं. | विषयगत समिति | हालको सदस्य | हेरफेर पछिको सदस्य |
|---|---|---|---|
| १ | पूर्वाधार विकास समिति | श्री निर्मला हरिजन | श्री अजमत अलि साई |

- जानकी गाउँपालिका अन्तर्गतका वडाहरुको विभिन्न ठाउँमा विद्युत पोल तार सहित जडान गरिएको हुँदा विद्युत पोलमा विनियोजित रकम शिर्षक बाट निर्माण कम्पनीलाई तपसिल बमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल :</u>

- वडा नं. ५ बक्सपुरमा विद्युत पोल तार सहित जडान ।
  (रु.३९०७६८।५६ भ्याट सहित)
- वडा नं. ४ खजुरा गाउँमा विद्युत पोल तार सहित जडान ।
  (रु.१००३७९।०० भ्याट सहित)
- वडा नं. ३ मानपुरमा विद्युत पोल तार सहित जडान ।
  (रु.५०५७७।५२ भ्याट सहित)
- वडा नं. ३ इन्द्रपुरमा विद्युत पोल तार सहित जडान ।
  (रु.७१४०९।५० भ्याट सहित)

- जानकी गाउँपालिका अन्तर्गत वडा नं. ६ को मिति २०८०/१०/१७, चलानी नं. ८७२ को सिफारिस अनुसार वडा नं. ६ कपासीमा रहेको सुल्तान राईडर क्लब क्रिकेट टिमका खेलाडीहरुलाई पोसाक,बैंट,बल, गाल्बस, ऐ.डी र स्टम आदिको लागि रु.५०,०००/-(अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग लक्षित वर्गको शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत सम्पुर्ण वडामा छुटफुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको छुटफुट निवेदन भर्नको लागि जिल्ला भुमि आयोगलाई पत्राचार गर्ने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. ३ मानपुरको श्री नेपाल राष्ट्रिय कन्या आधारभूत विद्यालयमा साबिकमा खोलेको गणित तथा विज्ञान विषयको शिक्षक

पदमा पदपूर्ति हुन नसकेको हुँदा उक्त पदहरुको विज्ञापन गर्न जानकी गाउँपालिका अन्तर्गतको शिक्षा,युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

- वडा नं. ५ को बर्थींङ्ग सेन्टर निर्माणको लागि त्यहा रहेको पुरानो वडा कार्यालय भत्काउन (साइट क्लियरेन्स) को लागि प्राविधिक इष्टिमेट अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३